# मध्यविन्दु नगरपालिका

# स्थानिय राजपत्र

खण्डः ०१ संख्याः ०६ मिति : २०७४/०५/१४

## भाग २

## मध्यविन्दु नगरपालिका


# सहकारी प्रबर्द्धन कोष व्यवस्थापन कार्यविधि, २०७४

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७४/०५/१४**

**नगरप्रमुखबाट प्रमाणिकरण मितिः २०७४/०५/१५**

**राजपत्रमा प्रकाशित मितिः २०७७/०९/१४**

नेपालको संविधान २०७२, को अनुसूचि ९ मा सहकारीलाई स्थानीय तहको एकल अधिकार सूचिमा राखिएको छ । मध्यविन्दु नगरपालिकाको आर्थिक वर्ष ०७४/०७५ को नीति, कार्यक्रम तथा बजेट वक्तव्यमा सहकारी क्षेत्रलाई नगरपालिकाको आर्थिक विकासको मेरुदण्डको रुपमा लिईएको छ । सहकारी प्रवर्द्धनका लागि गर्नुपर्ने व्यवस्थापकीय कार्यका लागि चाहिने रकमको व्यवस्थापन गर्न आवश्यक भएकोले यो कार्यविधि बनाई लागू गरिएको छ ।

मध्यविन्दु नगरपालिका

## १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम “सहकारी प्रवर्द्धन कोष व्यवस्थापन कार्यविधि, २०७४” रहेको छ ।

(२) यो नियमावली प्रमाणिकरण भएको मितिदेखि प्रारम्भ हुनेछ ।

## २. परिभाषाः बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(१) “नगरसभा” भन्नाले मध्यविन्दु नगरपालिकाको नगरसभा सम्झनुपर्दछ ।

(२) “नगर कार्यपालिका” भन्नाले मध्यविन्दु नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्दछ ।

(३) “नगरपालिका” भन्नाले मध्यविन्दु नगरपालिकालाई सम्झनुपर्दछ ।

(४) “कोष” भन्नाले बुँदा नं.३ अनुसार सञ्चालित कोष भन्ने सम्झनुपर्दछ ।

(५) “सञ्जाल” भन्नाले मध्यविन्दु नगरपालिका क्षेत्र स्थापना भई क्रियाशिल सहकारी संस्थाहरुद्वारा गठित सञ्जाल भन्ने सम्झनुपर्दछ ।

(६) “सहकारी” भन्नाले मौजुदा कानुनअनुसार गठित मध्यविन्दु नगरपालिका क्षेत्रभित्र स्थापित सहकारी सम्झनुपर्दछ ।

(७) “समिति” भन्नाले बुँदा नं. ७ अनुसार गठित कोष व्यवस्थापन समिति भन्ने सम्झनुपर्दछ ।

## ३. कोषमा प्राप्त हुने रकमको स्रोतः

यस कोषमा निम्न बमोजिमको स्रोतबाट रकम प्राप्त हुन सक्नेछ -

(१) अन्तर सरकारी वीय हस्तान्तरण मार्फत प्राप्त हुने रकम ।

(२) सहकारी संस्थाहरुबाट प्राप्त हुने रकम ।

(३) नगरपालिकाको आन्तरिक राजश्वबाट प्राप्त हुने रकम ।

(४) अन्य व्यक्ति, संस्था वा दाताबाट प्राप्त हुने रकम ।

## ४. कोषको उपयोग :

कोषमा जम्मा भएको रकम कोष सञ्चालक समितिको निर्णयानुसार स्वीकृत कार्यक्रम कार्यान्वयनमा खर्च गरिने छ ।

मध्यविन्दु नगरपालिका

## ५. कोषको खाता सञ्चालन :

नगरपालिकाको कार्यकारी अधिकृत वा कार्यकारी अधिकृतले तोकेको नगरपालिकाको कर्मचारी र सहकारी सञ्जालले तोकेको प्रतिनिधिको संयुक्त दस्तखतद्वारा सञ्चालन हुनेछ । कोषको खाता सञ्जालले सिफारिस गरेको वचत तथा ऋण सहकारी संस्थामा रहनेछ ।

## ६. कोष प्रवाह :

(१) अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत नगरपालिकको सञ्चित कोषमा प्राप्त हुने रकम समितिको निर्णयानुसार कोषको खातामा प्रवाह हुनेछ ।

(२) कोषको खातामा रहेको रकम सञ्चालक समितिले स्वीकृत गरेका कार्यक्रममा खर्च गर्नका लागि रकम प्रवाह हुनेछ ।

(३) स्वीकृत कार्यम सञ्चालन गर्ने व्यवस्था व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## ७. कोष व्यवस्थापन समिति :

(१) कोष व्यवस्थापन समितिमा निम्न पदाधिकारीहरु रहने छन् -

(क) नगर प्रमुख - अध्यक्ष

(ख) कार्यकारी अधिकृत - सदस्य

(ग) सहकारी सञ्जालको प्रतिनिधि (१ जना महिला सहित) - सदस्य ३ जना

(घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) आर्थिक विकास शाखा (सहकारी क्षेत्र हेर्ने कर्मचारी) - सदस्य सचिव

(२) व्यवस्थापन समितिको काम, कर्तव्य, अधिकार र जिम्मेवारी -

(क) सहकारी सम्बन्धी कार्यम स्वीकृत गर्ने ।

(ख) सहकारी सञ्जालसँग समन्वय गर्ने ।

(ग) कोषको सञ्चालन सम्बन्धि व्यवस्थापन कार्य गर्ने ।

(३) समितको कार्य सम्पादन सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## ८. विविध :

(१) यस कार्यविधिको कार्यान्वयन सम्बन्धि अन्तिम जिम्मेवारी कोष व्यवस्थापन समितिमा निहित रहनेछ ।

(२) यस मापदण्डमा उल्लेख गरिएका व्यवस्थाहरु यसै मापदण्ड बमोजिम हुनेछन् र प्रचलित कानूनसँग बाझिएको हकमा प्रचलित कानून बमोजिम हुनेछन् ।



मध्यबिन्दु नगरपालिका